आज मिति २०७७/१२/१७ गते भीमेश्वर नगरपालिकाका नगरप्रमुख भरत बहादुर के.सी.ज्यूको अध्यक्षतामा बसेको नगर कार्यपालिकाको ६७ औ बैठकमा तपशिल बमोजिमका पदाधिकारीहरुको उपस्थिति रही देहाय बमोजिम निर्णय गरियो

**उपस्थिति**

श्री भरत बहादुर के.सी.................नगर प्रमुख

श्री कमला बस्नेत .................नगर उप प्रमुख

श्री मान बहादुर खड्का................प्रमुख प्रसासकिय अधिकृत

श्री बिर बहादुर थामी ................वडा अध्यक्ष भी.न.पा. १

श्री विराजमान श्रेष्ठ ............... वडा अध्यक्ष भी.न.पा. २

श्री हरिसरण शिवाकोटी ....... वडा अध्यक्ष भी.न.पा. ३

श्री हरिवंश चौलागाई .............. वडा अध्यक्ष भी.न.पा. ४

श्री रामचन्द्र बस्नेत ............ वडा अध्यक्ष भी.न.पा. ५

श्री नबिन कुमार लामा ............ वडा अध्यक्ष भी.न.पा. ६

श्री कैलाश कुमार श्रेष्ठ ........... वडा अध्यक्ष भी.न.पा. ७

श्री नकुल के.सी. .....................वडा अध्यक्ष भी.न.पा. ८

श्री चित्र बहादुर भुजेल ...............वडा अध्यक्ष भी.न.पा. ९

श्री लालकृष्ण थामी ............... कार्यपालिका सदस्य

श्री दिपक धनुके................ .कार्यपालिका सदस्य,

श्री सुमन सुनाम ................ .कार्यपालिका सदस्य,

श्री रुपा शाही भुजेल ............. कार्यपालिका सदस्य,

श्री गौरी थामी .................... कार्यपालिका सदस्य,

श्री मन्जु बिश्वकर्मा ......... कार्यपालिका सदस्य,

श्री जमुना श्रेष्ठ .................. कार्यपालिका सदस्य,

श्री किरण वली................ . कार्यपालिका सदस्य,

श्री रामचन्द्र पौडेल ...................उपसचिव .शिक्षा। आमन्त्रित

श्री माधव प्रसाद सुबेदी ..............प्रशासकीय अधिकृत, बैठक ब्यबस्थापक

मितिः २०७७।१२।१७ गते
समयः बिहान ८:०० बजे
स्थानः महांकाल सदन

## कार्यपालिकाको ६७ औ बैठकका प्रस्ताव तथा निर्णयहरु

यस नगरपालिकाको संस्थागत क्षमता स्वमूल्याङ्नबाट प्राप्त अन्तिम नतिजाको समीक्षा तथा प्राप्त नतिजालाई अनुमोदन सम्बन्धमा ।

जनकपुर उपमहानगरपालिकासंग भगिनी सम्वन्ध स्थापना सम्वन्धमा।

योजना संशोधन सम्बम्न्धमा ।

योजना अनुमोदन सम्वन्धमा ।

कार्यविधि स्वीकृत सम्वन्धमा ।

कार्यालयको प्रतिनिधि तोक्ने तथा अधिवक्ता मनोनयन सम्वन्धमा ।

बिबिध ।

**निर्णय नं.१ः** प्रस्ताव नं.१ माथि छलफल गर्दा यस नगरपालिकाको संस्थागत क्षमता स्वमूल्याङ्नबाट प्राप्त देहाय बमोजिमको अन्तिम नतिजाको समीक्षा गरी प्राप्तांक ६२.७५ अक्षरमा .बैसठ्ठी दशमलव सात पाँच। लाई अनुमोदन गर्दै आगामी आ.व.मा योजना तर्जुमा देखिनै (LISA) का सूचकहरुमा उल्लेख्य प्रगति हासिल गर्ने गरी कार्यसम्पादन व्यवस्थापन गर्न कार्यालयलाई प्रोत्साहन गर्ने निर्णय गरियो

स्वमुल्यांकनबाट प्राप्त प्रारम्भिक नतिजा प्राप्तांक

| क्र.स. | विषय क्षेत्र | समष्टिगत सूचक | | प्रकृयागत सूचक | | प्रकृयागत सूचक | | जम्मा प्राप्तांक | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | **पूर्णांक** | **प्राप्तांक** | **पूर्णांक** | **प्राप्तांक** | **पूर्णांक** | **प्राप्तांक** | | |
| १ | शासकीय प्रवन्ध | ३ | २ | ४ | ३.५ | २ | **१** | ६.५ | |
| २ | संगठन तथा प्रशासन | २ | .७५ | ३ | २ | २ | **१** | ३.७५ | |
| ३ | बार्षिक बजेट तथा योजना व्यवस्थापन | २ | १.५ | ४ | २.५ | ५ | **१.५** | ५.५ | |
| ४ | वित्तीय एंव आर्थिक व्यवस्थापन | २ | ७.५ | ४ | ३ | ५ | **२.५** | ६.२५ | |
| ५ | सार्वजनिक सेवा प्रवाह | ३ | १.७५ | ४ | २ | ९ | **७** | १०.७५ | |
| ६ | न्यायीक कार्य सम्पादन | १ | १ | ३ | २.५ | ३ | **३** | ६.५ | |
| ७ | भौतिक पूर्वाधार | ३ | २.५ | ४ | ३ | ६ | **४** | ९.५ | |
| ८ | सामाजिक समावेशीकरण | २ | १ | ६ | २ | २ | **२** | ५ | |
| ९ | वातावरण संरक्षण तथा विपद व्यवस्थापन | १ | १ | ३ | १ | ५ | ४.५ | ६.५ | |
| १० | सहकार्य र समन्वय | २ | १ | १ | ० | ४ | **१.५** | २.५ | |
| | **जम्मा** | **२१** | **१३.२५** | **३६** | **२१.५** | **४४** | **२८** | **६२.७५** | |

**निर्णय नं.२ः** प्रस्ताव नं.२ माथि छलफल गर्दा भीमेश्वर नगरपालिका, दोलखा र जनकपुर उपमहानगरपालिका, धनुषा बीच पौराणिक (महाभारत) कालदेखि नै सम्बन्ध रहेको पृष्ठभूमिमा दुवै स्थानीय तहका सरकार र नागरिकहरुको धार्मिक, सांस्कृतिक एवं आध्यात्मिक सम्वन्धलाई उच्च महत्व दिदै भीमेश्वर नगरपालिका र जनकपुर उपमहानगरपालिका बिच औपचारिक रुपमा भगिनी सम्बन्ध स्थापना गर्न दुई नगरहरु वीच धार्मिक सांस्कृतिक सम्वन्ध प्रगाढ वनाउदै धार्मिक पर्यटन विकासमा साझेदारी गर्ने एवं असल अभ्यास आदान प्रदान गर्नका लागि जनकपुरउपमहानगरपालिका, धनुषालाई भगिनी सम्वन्ध स्थापनाको प्रस्ताव गर्ने निर्णय गरियो

**निर्णय नं.३ः** प्रस्ताव नं.३ माथि छलफल गर्दा निम्न वडाहरु देहाय बमोजिमका आयोजानाहरु कार्यान्वियन हुन नसक्ने भनी सम्वन्धित वडाबाट लेखी आएकोले देहाय बमोजिम योजना संसोधन गरी कार्यान्वन गर्ने निर्णय गरियो

तपशिल

| **क्र.स.** | **स्वीकृत योजनाको नाम** | **वडा नं.** | **शि. नं.** | **रु** | **संशोधित आयोजाना** | **रु** | **कैफियत** |
|---|---|---|---|---|---|---|---|
| १ | ( ) कुसुले बाजा खरिद तथा निर्माण आयोजना<br>( ) डोक्छे घुम्तिजोर ढल निर्माण आयोजना | २ | ५२२<br>२६९ | २,००,०००/-<br>३,००,०००/- | कुमारी भवन निर्माण आयोजना | ५,००,०००/- | वडाको सिफारिस |
| २ | फसिभै तामाकोशी सडक निर्माण | ४ | ३११५१ | ६,००,०००/- | पिपलबोट कृष्णहरे(सडक)चेतनशिल मार्ग) | ६,००,०००/- | वडाको सिफारिस |

**निर्णय नं.४ः** प्रस्ताव नं.४ माथि छलफल गर्दा नगर प्रमुख उपप्रमुखको तोक आदेशबाट सम्पन्न भएका देहाएका आयोजनाको खर्च अनुमोदन गर्ने निर्णय गरियो

**तपशिल**

( ) यस नगरपालिका वडा नं.२ डोक्थली स्तिथ डोक्थली खानेपानी उपभोक्ता समितिलाई एकघर एकधारा कार्यक्रमबाट उपलब्ध गराईएको रु २,००,०००/-(दुईलाख) उपलब्ध गराईएको

( ) यस नगरपालिका वडा नं.२ तिब्रथली स्तिथ, तिब्रथली खानेपानी उपभोक्ता समितिलाई एकघर एकधारा कार्यक्रमबाट उपलब्ध गराईएको रु २,००,०००/-(दुईलाख) उपलब्ध गराईएको

( ) यस नगरपालिका वडा नं.२. चामसाली स्तिथ, चामसाली दृश्यावलोकन पार्क निर्माणको लागि एकवडा एकबाल उद्यान शीर्षकबाट रु ७५,०००/-(पचहत्तर हजार ) उपलब्ध गराईएको

( ) यस नगरपालिका वडा नं ७ पुवाले स्थित पुवाले विश्वकर्मा टोल गोरेटो बाटो मर्मत सुधारका लागि मर्मत सुधार शिर्षकबाट रु २०,०००/- (बिस हजार) उपलव्ध गराईएको

**निर्णय नं.५ः** प्रस्ताव नं.५ माथि छलफल गर्दा नेपालका शहरी क्षेत्रमा विपद जोखिम न्यूनिकरण तथा आकस्मिक प्रतिकार्य क्षमता अभिबृदि परियोजना अन्तर्गत UNDP र द एशिया फाउण्डेशनको प्राबिधिक

सहयोगमा तयार गरिएको र यस नगरपालिकालाई विपद जोखिम न्यूनिकरण तथा आकस्मिक प्रतिकार्य क्षमता अभिबृदि गर्न आवश्यक रहेका देहायका कार्यविधि आवश्यक संशोधन सहित स्वीकृत गर्ने निर्णय गरियो

(क) आपतकालिन पूर्वतयारी तथा प्रतिकार्य योजना (EPRP), २०७७
(ख) नगरपालिकाको आपतकालिन कार्यसंचालन केन्द्र (MEOC) संचालन कार्यविधि (SOP), २०७७

**निर्णय नं.६:** दोलखा जिल्ला भीमेश्वर नगरपालिका वडा नं. ९ निवासी निवेदक ज्ञान बहादुर लामाले यस नगरपालिकाको कार्यालय सहित ९ नं. वडा कार्यालयलाई विपक्षी वनाई निषेधाज्ञाको आदेश जारी गरी पाउन सम्मानित उच्च अदालत, पाटनमा गरेको उजुरीमा मिति २०७७/१२/२० गते अन्तरिम आदेशको छलफलका लागि पेशी तारेख तोकिएको व्यहोराको पत्र मिति २०७७/१२/१७ गते प्राप्त भई उक्त पत्रको आधारमा यस नगरपालिका र ९ नं. वडाको समेत प्रतिनिधित्व गर्न सम्वन्धित वडा कार्यालयका कार्यालय सहायक/वडा सचिव श्री शान्ति बहादुर के.सी. लाई तोकी तारेख तोकिएको दिन सम्मानित अदालतमा हाजिर हुन खटाउने र उक्त विषयको लिखित कानूनी प्रतिरक्षा गर्न दोलखा जिल्ला, भी.न.पा. २ निवासी अधिवक्ता श्री प्रविन प्रधानलाई मनोनयन गर्ने निर्णय गरियो ।

**निर्णय नं ७ :** प्रस्ताव नं.७ माथि छलफल गर्दा देहाय बमोजिम गर्ने निर्णय गरियो ।

(क) यस नगरपालिका वडा नं. ७ को भुल्भुलेमा निर्माणाधीन औद्योगिकग्राम निर्माणको कार्य हालसम्म पहिलो चरणको कार्य अन्तर्गत DPR तयारी, साइट क्लियेरेन्स, पहुँच सडक निर्माण, ग्याविन वाल, ह्युम पाइप बिछ्याउने आदि कार्य सम्पन्न भएको देखिएको हुँदा यसै आ.व.मा निर्माणाधिन औद्योगिक ग्राममा पानि, बिजुली, कम्पाउण्ड, गेट र प्रशासनिक भवन निर्माण कार्य दोश्रो चरणमा सम्पन्न गर्न विस्तृत परियोजना प्रतिवेदन (DPR) अनुसारका लागत रु २,७५,०४,८२१.२४ (अक्षेरेपी दुई करोड पचहत्तर लाख चार हजार आठ सय एक्काई रुपैया चौविस पैसा मात्र) श्री उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, सिंहदरवार र उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, बागमती प्रदेशलाई अनुरोध गरी पठाउने निर्णय गरियो

(ख) यस नगरपालिका अन्तर्गत चालु आ.व.मा ठेक्का बन्दोबस्त गरिएका ठुला परियोजनाहरुमा नियमित प्राविधिक सुपरिवेक्षण हुन नसक्दा कार्यान्वियन प्रभावकारी हुन सकेको छैन । नगरपालिकाको मौजुदा जनशक्ति वडाहरुका नियमित आयोजना संचालनमा अभ्यस्त रहनु परेको छ । यस सन्दर्भमा भी.न.पा. ५ निवासी श्रीकृष्ण बस्नेतको छोरा वर्ष २३ को ई. गौरव बस्नेत (NEC Reg. no. २४४०६ Civil "A") ले ईन्जिनियरिंग सेवामा कामकाज गर्न पाउँ भनी दिनुभएको निवेदन र व्यक्तिगत विवरण सन्तोषजनक देखिदा निजलाई ठेक्का बन्दोबस्त गरिएका आयोजनाहरुको कन्टिजेन्सीबाट मासिक अधिकृतस्तर छैठौ तहको शुरुको स्केल भुक्तानी हुने गरी २०७७ फाल्गुन १६ गतेदेखि २०७८ असार मसान्त सम्मका लागि सेवा करार गरी कामकाज गराउने निर्णय गरियो ।

(ग) यस नगरपालिका वडा नं.६ को सिम्पानी सामुदायिक वन क्षेत्रभित्र यस नगरपालिकाको फोहोरमैला व्यवस्थापन तथा सरसफाई केन्द्र निर्माण लगायतका कार्य गर्न आवश्यक जग्गा उपलब्ध गराई सहजीकरण गरेकोमा सिम्पानी सामुदायिक वन भीमेश्वर ६, लाई हार्दिक धन्यवाद दिदै उक्त स्थानमा फोहोरमैला व्यवस्थापन तथा सरसफाई केन्द्र निर्माण कार्य अगाडी बढाउने निर्णय गरियो

(घ) यस नगरपालिका वडा नं.२ दोलाखामा रहेको ऐतिहासिक सम्पदा क्षेत्रमा नीजिआवास पुन:निर्माणको कार्य विविध कारणले सम्पन्न हुन बाँकी रहेकोले ऐतिहासिक सम्पदा क्षेत्रमा नीजि आवास पुन:निर्माणको समयावधि २०७८ असार मसान्तसम्म थप गरिदिन जिल्ला आयोजना कार्यान्वयन इकाई (भवन), दोलखा मार्फत राष्ट्रिय पुन:निर्माण प्राधिकरण, सिंहदरवार, काठमाण्डौमा अनुरोध गरी पठाउने निर्णय गरियो ।

(ङ) यस नगरपालिका वडा नं.४ मा निर्माणाधीन डिही–फसिभै एकीकृत नमुना बस्तीको नीजिआवास पुन:निर्माणको कार्य बिबिध प्राबिधिक कारणले हालसम्म सम्पन्न भईनसकेकोमा उक्त डिही –फसिभै एकीकृत नमुना बस्तीको नीजि आवास पुन:निर्माणको समयावधि २०७८ असार मसान्तसम्म थप गरिदिन जिल्ला आयोजना कार्यान्वयन इकाई (भवन), दोलखा मार्फत राष्ट्रिय पुन:निर्माण प्राधिकरण, सिंहदरवार, काठमाण्डौमा अनुरोध गरी पठाउने निर्णय गरियो ।

(च) यस नगरपालिकाले जननिर्वाचित जनप्रतिनिधिहरुको बहालीदेखि आर्थिक वर्ष २०७७/७८ सम्म विकासका विभिन्न क्षेत्रमा गरेका कार्यहरुको एकीकृत विवरण तयार गरी पुस्तकको रुपमा प्रकाशनको कार्य अगाडी बढाउने निर्णय गरियो ।